# लोक सेवा आयोग

## नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह अन्तर्गतका अंग्रेजी, नेपाली, संस्कृत, विज्ञान, गणित, सामाजिक शिक्षा, शारीरिक शिक्षा, व्यवसायिक शिक्षा र निरीक्षण उपसमूहहरुका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरुको खुल्ला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमको रुपरेखा :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइने छ :

प्रथम चरण :– लिखित परीक्षा पूर्णाङ्क :– २००

द्वितीय चरण :– अन्तर्वार्ता पूर्णाङ्क :– ४०

प्रथम चरण – लिखित परीक्षा योजना (Examination Scheme)

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या xअङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शिक्षाशास्त्र र नेपालमा शिक्षा | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (Multiple Choice) | १००x१ = १०० | १ घण्टा १५ मिनेट |
| द्वितीय | उपसमूह सम्वन्धी विषय | १०० | ४० | विषयगत (Subjective) | १०x१० = १०० | ३ घण्टा |

द्वितीय चरण

| **विषय** | **पूर्णाङ्क** | **परीक्षा प्रणाली** | **समय** |
|---|---|---|---|
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता | ३० | मौखिक | - |

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. पाठ्यक्रमको प्रथम र द्वितीय पत्रको विषयवस्तु फरक फरक हुनेछन ।

३. माथि उल्लिखित उपसमूहको पाठ्यक्रमको प्रथम पत्रको विषयवस्तु एउटै हुनेछ । द्वितीय पत्रका विषयवस्तु उपसमुह अनुसार फरक फरक हुनेछन् ।

४. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

५. माथि उल्लिखित उपसमूहहरुको प्रथम पत्रको परीक्षा संयुक्त वा छुट्टाछुट्टै हुन सक्नेछ भने द्वितीय पत्रको परीक्षा छुट्टाछुट्टै हुनेछ ।

६. प्रथम पत्रका पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ । द्वितीय पत्रबाट सोधिने प्रश्नहरुको संख्या द्वितीय पत्रको पाठ्यक्रम उल्लेख भए अनुसार हुनेछ ।

| प्रथम पत्रका एकाइ | 1 | 2 | 3 | 4 | 5.1 | 5.2 | 5.3 | 5.4 | 5.5 | 5.6 | 5.7 | 5.8 | 5.9 | 5.10 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | 10 | 5 | 10 | 10 | 5 | 5 | 5 | 10 | 10 | 10 | 5 | 5 | 5 | 5 |

७. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

८. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

९. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

१०. द्वितीय पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

१२. यस भन्दा अगाडि लागू भएको माथि उल्लिखित समूहको पाठ्यक्रम खारेज गरिएको छ ।

१३. पाठ्यक्रम लागू मिति :– २०६२/२/२४ देखि (**२०७२/०७/२४ को निर्णय अनुसार सामूहिक परीक्षण समावेश**)

**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह अन्तर्गतका अंग्रेजी, नेपाली, संस्कृत, विज्ञान, गणित, सामाजिक शिक्षा, शारीरिक शिक्षा, व्यवसायिक शिक्षा र निरीक्षण उपसमूहहरुका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरुको खुल्ला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## प्रथम पत्र :- शिक्षाशास्त्र र नेपालमा शिक्षा

### १. शिक्षाको दार्शनिक र समाजशास्त्रीय आधार — १०%

१.१ शिक्षाको परिचय, परिभाषा, कार्य र प्रयोजन

१.२ शिक्षाको उद्देश्य, शिक्षाको विभिन्न पक्षसंग सम्बन्ध, शिक्षा आवश्यकता र तालिमका रुपमा, राम्रा शिक्षकहरु, शिक्षाको सामाजिक, आर्थिक र राजनैतिक भूमिका

१.३ शिक्षामा अन्वेषण र तालिम, व्यबहार परिवर्तनका रुपमा शिक्षा, सीप शिक्षणका रुपमा शिक्षा, क्षमता बृद्धिका रुपमा शिक्षा, शिक्षामा आत्म निर्देशित विधि, शिक्षणका विभिन्न समूहहरु

१.४ शिक्षाको दार्शनिक पक्ष - अर्थ, कार्य, शिक्षा र दर्शनको सम्बन्ध, आदर्शवाद, यथार्थवाद, प्रकृतिवाद र प्रगतिवादका विभिन्न पक्षसंग शिक्षाको सम्बन्ध र तिनीहरुको प्रभाव तथा कार्यान्वयन

१.५ शिक्षाको समाजशास्त्रीय पक्ष - समाजको धारणा, शिक्षा र समाजको सम्बन्ध, विद्यालय र समाजको सम्बन्ध, सामाजीकरणको प्रक्रिया, सामाजीकरणका विभिन्न मोडेलहरु, सामाजिक अन्तरक्रिया, सामाजिक समूह र शिक्षामा तिनीहरुको भूमिका

१.६ शिक्षाका आधुनिक प्रवृत्तिहरु - आधारभूत आवश्यकता, शिक्षा सबैका लागि, मानव अधिकार, बाल अधिकार, शान्तिका लागि शिक्षा, बालबालिका शान्ति क्षेत्र, निरन्तर शिक्षा, खुला सिकाइ, शिक्षामा समान अवसर, शिक्षामा पँहुच र न्याय, शिक्षा पिछडिएको समूहका लागि, शिक्षा आर्थिक लगानीका रुपमा, शिक्षा राष्ट्रिय एकताका लागि, शिक्षा अन्तरराष्ट्रिय समझदारीका रुपमा

### २. शिक्षण सिकाइ विधि र प्रविधिहरु — ५%

२.१ शिक्षण सिकाइ प्रविधिको अर्थ, शिक्षा, शिक्षण र सिकाइ बीचको सम्बन्ध, शिक्षण सिकाइसंग सम्बन्धित प्राविधिज्ञहरुको क्रियाकलाप

२.२ सिकाइलाई सहयोग - अध्यापनको लक्ष्य, शिक्षण सिकाइ र मनोवैज्ञानिक सन्दर्भ, सिकाइ प्रक्रियामा प्रेरणा, शिक्षकको भूमिका

२.३ शिक्षण विधि - शिक्षण विधिहरुको परिचय/परिभाषा, विशेषताहरु, शिक्षणको वर्गीकरण, विषयगत आधारमा उपयुक्त शिक्षण विधि र प्रयोग, पाठ्यपुस्तक र सहयोगी सामग्रीसंग शिक्षण विधिको सम्बन्ध

२.४ शैक्षिक योजना - शैक्षिक योजनाहरु, शिक्षण सिकाइ क्रियाकलाप शिक्षक विद्यार्थीको भूमिका, शैक्षिक सामग्रीको छनौट, तयारी तथा प्रयोग, पुस्तकालयको प्रयोग, योजनासंग मूल्याङ्कनको सम्बन्ध, शिक्षण र मूल्याङ्कनको अन्तरसम्बन्ध

### ३. शिक्षा मनोविज्ञान — १०%

३.१ शिक्षा मनोविज्ञानको भूमिका

३.१.१ शिक्षा मनोविज्ञानको अर्थ, क्षेत्र, शिक्षक विद्यार्थीलाई शिक्षा मनोविज्ञानको आवश्यकता, शिक्षक अभिभावकको लागि शिक्षा मनोविज्ञानको सान्दर्भिकता

३.२ मानव विकासका सिद्धान्त तथा विशेषताहरु, मानव विकास अध्ययन गर्नका उद्देश्य तथा महत्वहरु, मानव विकासका अध्ययनका विधिहरु

३.३ विद्यालयस्तरका विद्यार्थीहरुमा देखा पर्ने विकासको क्रम र सोसंग शिक्षकलाई परिचित हुन आवश्यक विषयहरु जस्तै यौवनावस्थामा हुने परिवर्तनका प्रभावहरु, यौवनवस्थाका चिन्ताका स्रोतहरु, यौवनावस्थाका खतराहरु, यौवनावस्थाका दुःखहरु, बेचैनी हटाउने उपायहरु

३.४ पूर्व युवावस्थाका विशेषता, पूर्व युवावस्थाका विकासात्मक कार्यहरु, पूर्व-युवावस्थामा हुने शारीरिक परिवर्तन, पूर्व युवावस्थामा सामाजिक संवेगात्मक परिवर्तन, पूर्व युवावस्थाका रुचिहरु र उनीहरुमा देखापर्ने मुख्य मुख्य व्यवहार । यी सम्पूर्ण पक्षहरु बुझि देखा पर्ने समस्याहरुको समाधान गर्न शिक्षकलाई आवश्यक पर्ने विभिन्न विषयहरु

३.५ सिकाइ परिचय

३.५.१ सिकाइको अर्थ र यससंग सम्बन्धित तत्वहरु, सिकाइको स्वभाव, प्रारम्भिक व्यबहार, प्रारम्भिक व्यबहारको भूमिका, परिपक्कता र सिकाइ

३.६ सिकाइका सिद्धान्तहरु

३.६.१ क्लासिकल कन्डिसनिङ (Classical Conditioning), आपरेन्ट कन्डिसनिङ (Operant Conditioning), प्रयत्न र भूल सिकाइ (Trial & Error Learning), अन्तरदृष्टि सिकाइ (Insightful Learning), वान्दुराको सामाजिक सिकाइ सिद्धान्त (Bandura's Social learning Theory), सिकाइको संज्ञानात्मक सिद्धान्त (Cognitive-field Theory of Learning), विभिन्न किसिमका सिकाइहरु (Varieties of Learning/Multiple Learning)

३.७ प्रभावकारी सिकाइमा प्रभाव पार्ने तत्वहरु

३.७.१ स्मरण र विस्मरण, सिकाइ र सम्झाइलाई असर पार्ने तत्वहरु, विस्मरण र बिर्साइ, सिकाइ र उत्प्रेरणा, सिकाइ र सम्वलन, पुरस्कार र दण्ड, प्रत्यक्षीकरण र सिकाइ, नैराश्यता र समायोजन, सिकाइ र सोचाइको स्थानान्तरण

३.८ शिक्षणमा सिकाइको प्रयोग

३.८.१ धारणाको सिकाइ र शिक्षण, सिद्धान्तको सिकाइ र शिक्षण, शाव्दिक सीप सिकाइ र शिक्षण, शारीरिक गति सीपको सिकाइ र शिक्षण, सृजनात्मक सोचाइको सिकाइ र शिक्षण

## ४. पाठ्यक्रम तथा मूल्याङ्कन १०%

४.१ पाठ्यक्रम

४.१.१ पाठ्यक्रमको अवधारणा
४.१.२ पाठ्यक्रमका तत्वहरु तथा पाठ्यक्रमको स्रोतहरु (Elements & Sources of Curricular goals)
४.१.३ पाठ्यक्रम विकास -
  ४.१.३.१ अर्थ तथा उद्देश्यका प्रकार (Meaning and Types of Objectives)
  ४.१.३.२ सिकाइ अनुभवको छनौट
  ४.१.३.३ सिकाइ अनुभवको संगठन
  ४.१.३.४ पाठ्यक्रम विकासको मूल्याङ्कन
४.१.४ पाठ्यक्रमको प्रकार -
  ४.१.४.१ विषय-केन्द्रित पाठ्यक्रम (Subject-Centered Curriculum)
  ४.१.४.२ मुख्य पाठ्यक्रम (Core Curriculum)
  ४.१.४.३ क्रियाकलाप पाठ्यक्रम (Activity Curriculum)
  ४.१.४.४ सुसुप्त पाठ्यक्रम (Hidden Curriculum)
४.१.५ पाठ्यक्रम निर्माण प्रक्रिया र पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने तत्वहरु

४.२ मूल्याङ्कन

४.२.१ मापन र मूल्याङ्कन (Measurement and Evaluation)
४.२.२ मापन साधन, गुणहरु र प्रकार
४.२.३ परीक्षण-संचालन, परीक्षण नतिजा विश्लेषण
४.२.४ विशेषीकरण तालिका
४.२.५ सामान्य सांख्यिकीय विश्लेषण (Simple Statistical Analysis)
  ४.२.५.१ तथ्यको संकलन र प्रस्तुति

लोक सेवा आयोग

४.२.५.२ केन्द्रीय प्रवृत्तिको मापन (Measures of Central Tendency:-Mean, Median, Mode)

## ५. नेपालमा शिक्षा

५.१ विद्यालय तहको शिक्षा — ५%

- ५.१.१ प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक शिक्षा
- ५.१.२ प्राथमिक शिक्षा
- ५.१.३ निम्न माध्यमिक शिक्षा
- ५.१.४ माध्यमिक शिक्षा
- ५.१.५ उच्च माध्यमिक शिक्षा

५.२ उच्च शिक्षा — ५%

- ५.२.१ नेपालका विश्वविद्यालयहरु र त्यसका संकायहरु
- ५.२.२ शैक्षिक प्रतिष्ठानहरु

५.३ शैक्षिक संगठन — ५%

- ५.३.१ शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र र विद्यालय
- ५.३.२ शैक्षिक जनशक्ति विकास केन्द्र (NCED), पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, शिक्षक सेवा आयोग, शिक्षक किताबखाना
- ५.३.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद
- ५.३.४ उच्च माध्यमिक शिक्षा परिषद

५.४ शिक्षा तथा खेलकूद मन्त्रालयसंग सम्बद्ध संघ-संस्थाहरु — १०%

- ५.४.१ युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोग
- ५.४.२ विश्वविद्यालय अनुदान आयोग
- ५.४.३ स्वीकृत विश्व विद्यालयहरु तथा शैक्षिक प्रवर्तनात्मक र प्रवर्द्धनात्मक कार्यहरु
- ५.४.४ जनक शिक्षा सामग्री केन्द्र लि.
- ५.४.५ राष्ट्रिय खेलकूद परिषद्
- ५.४.६ नेपाल स्काउट
- ५.४.७ पुस्तकालयहरु
- ५.४.८ जनसंख्या शिक्षा परियोजना
- ५.४.९ शिक्षाको लागि खाद्य कार्यक्रम
- ५.४.१० विशेष शिक्षा परिषद

५.५ नेपालमा शिक्षा विकासको इतिहास — १०%

- ५.५.१ शैक्षिक इतिहास र महत्वपूर्ण शैक्षिक घटनाहरु
- ५.५.२ विभिन्न शिक्षा आयोग तथा शिक्षा समितिहरुका प्रतिवेदनहरु
- ५.५.३ शिक्षाका योजनाहरु र नेपालको आवधिक विकास योजनाहरुमा शिक्षाका योजना तथा कार्यक्रमहरु
- ५.५.४ चालू आवधिक योजनामा शिक्षा

५.६ प्राथमिक देखि उच्च माध्यमिक तहसम्मको शिक्षा — १०%

- ५.६.१ पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका (निर्देशिका), परीक्षा तथा मूल्याङ्कन

लोक सेवा आयोग

५.६.२ शिक्षक तालिमको व्यवस्था तथा तालिम प्रदान गर्ने संस्थाहरु

५.७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम एवम् व्यावसायिक शिक्षाको व्यवस्था ५%

- ५.७.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को परिचय, उद्देश्य र दायित्व
- ५.७.२ वर्तमान योजना तथा कार्यक्रम
- ५.७.३ प्राविधिक शिक्षालयहरु तथा संस्थाहरु
- ५.७.४ संस्थागत सक्षमता, व्यावसायिक तालिमको स्तर निर्धारण

५.८ अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था ५%

- ५.८.१ अनौपचारिक प्रौढ साक्षरता
- ५.८.२ महिला शिक्षा
- ५.८.३ वैकल्पिक प्राथमिक शिक्षा (Flexible Schooling Programme)
  - ५.८.३.१ बाल शिक्षा
  - ५.८.३.२ प्राथमिक शिक्षा विस्तार कार्यक्रम
  - ५.८.३.३ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम
- ५.८.४ निरन्तर शिक्षा (Continuing Education), सामुदायिक अध्ययन केन्द्र (Community Learning Center) र खुल्ला सिकाइ (Open Learning)
- ५.८.५ आयमूलक कार्यक्रम

५.९ आधारभूत शिक्षा र वर्तमान सन्दर्भ ५%

- ५.९.१ सबैको लागि शिक्षा र अनिवार्य प्राथमिक शिक्षा
- ५.९.२ शिक्षाको अधिकार
  - ५.९.२.१ बाल अधिकार
  - ५.९.२.२ मानव अधिकार
- ५.९.३ समाहित शिक्षा (Inclusive Education) र विशेष शिक्षा (special Needs Education)
- ५.९.४ शिक्षामा लैङ्गिक समता र समानता
- ५.९.५ माध्यमिक शिक्षा विकास कार्यक्रम

५.१० शिक्षा सम्बन्धी कानूनी व्यवस्था ५%

- ५.१०.१ विद्यमान नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था
- ५.१०.२ शिक्षा ऐन, २०२८
- ५.१०.३ शिक्षा नियमावली, २०५९
- ५.१०.४ स्थानीय स्वायत्त शासन सम्बन्धी ऐन, २०५५ तथा नियमावली, २०५६

((((()))))

लोक सेवा आयोग

**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह अन्तर्गतका अंग्रेजी, नेपाली, संस्कृत, विज्ञान, गणित, सामाजिक शिक्षा, शारीरिक शिक्षा, व्यवसायिक शिक्षा र निरीक्षण उपसमूहहरुका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरुको खुल्ला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**वस्तुगत बहुउत्तर नमूना प्रश्नहरु (Sample questions)**

१. तलकामध्ये कुन लक्ष्य डकार मञ्चले घोषणा गरेको लक्ष्य भित्र समावेश छैन ?

(क) प्रारम्भिक बालविकास (ख) प्रौढहरूका लागि साक्षरतामा सुधार

(ग) लैङ्गिक र सामाजिक असमानताको निवारण (घ) मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षामा सुधार

**सही उत्तर :- (घ)**

२. दशौं योजनामा निरन्तर शिक्षा परीक्षणका लागि स्थानीय निकायको जिम्मेवारीमा स्थापना गरिने सामुदायिक अध्ययन केन्द्रहरू कति पुऱ्याउने लक्ष्य राखिएको छ ?

(क) २०५ (ख) ४०० (ग) ३६५ (घ) १९५

**सही उत्तर :- (क)**

३. तलका पाठ्यक्रमका अङ्गहरूको ठीक क्रम कुन हो ?

(क) उद्देश्य, विषयवस्तु, मूल्याङ्कन र गृहकार्य

(ख) विषयवस्तु, उद्देश्य, शिक्षण विधि र मूल्याङ्कन

(ग) उद्देश्य, विषयवस्तु, तरिका र मूल्याङ्कन

(घ) मूल्याङ्कन, उद्देश्य, विषयवस्तु र तरिका

**सही उत्तर :- (ग)**

४. नेपाली भाषा सिकाउने प्रयोजनका लागि प्रकाशित गरिएको पहिलो पुस्तक कुन हो ?

(क) नेपाली रिडरहरू (ख) व्यक्तचन्द्रिका (ग) बालबोध (घ) अक्षराङ्क शिक्षा

**सही उत्तर :- (घ)**

५. " शिक्षा भावी जीवनको तयारीमात्र होइन यो त जीवन यापनको प्रक्रिया हो " यो भनाइ कसको हो ?

(क) जोन डिवी (ख) ओटावे (ग) प्लेटो (घ) हेनडरसन

**सही उत्तर :- (क)**

६. " शिक्षा मनोविज्ञान शिक्षाको विज्ञान हो " यो भनाइ को सँग सम्बन्धित छ ?

(क) हर्लक (ख) क्रो एण्ड क्रो (ग) स्टेफेन (घ) पिल

**सही उत्तर :- (घ)**

७. बालकमा विशेष रुपमा दौतरी समुहको बढ्दो प्रभाव कुन समूहका बालबालिकामा बढी देखिन्छ ?

(क) उत्तर बाल्यावस्था (ख) किशोरावस्था (ग) बाल्यावस्था (घ) पूर्व वयस्क

**सही उत्तर :- (ख)**

८. बालकमा बानी निर्माण तथा परिवतर्नका लागि उपयोगमा ल्याउन सकिने प्यावलभको (Pavlov) प्रयोग कुन सिद्धान्तमा आधारित छ ?

(क) शास्त्रीय सम्बन्धनको सिद्धान्त (ख) क्रियापरक सम्बन्धनको सिद्धान्त

(ग) प्रयत्न र भूलको सिद्धान्त (घ) अन्तर प्रेरणाको सिद्धान्त

**सही उत्तर :- (क)**

९. शैक्षिक कार्यक्रम सञ्चालन भैरहेको वेला गरिने मूल्याङ्कन कुन हो ?

(क) निदानात्मक मूल्याङ्कन (ख) सकारात्मक मूल्याङ्कन

(ग) निर्णयात्मक मूल्याङ्कन (घ) अन्तरिम मूल्याङ्कन

**सही उत्तर :- (घ)**

१०. तलका मध्ये कुन उद्देश्यले प्रकृतिवादी शिक्षालाई प्रतिनिधित्व गर्दैन ?

(क) प्रकृतिको अनुसरण गर्नु (ख) प्रजातन्त्रको समर्थन गर्नु

(ग) सिकारुलाई केन्द्रीय महत्व दिनु (घ) इन्द्रियलाई ज्ञानको द्वार मान्नु

**सही उत्तर :- (ख)**